# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


प.सं. : २०७६।०७७

च.नं. : ४५२६

मिति :२०७६।१२।०३

**विषय : नोभेल कोरोना भाइरस (COVID-2019) रोकथाम तथा पूर्वतयारी सम्वन्धमा ।**

श्री वडा कार्यालयहरु (सवै)
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा विश्वभर महामारीको रुपमा फैलिएको नोभेल कोरोना भाइरस (COVID-2019) संक्रमणको सन्दर्भमा नेपालमा पनि उच्च सतर्कता अपनाउनु पर्ने भएको साथै नेपालमा यसको संक्रमण भित्रिन र फैलिन नदिन तथा शंकास्पद व्यक्तिहरुको निगरानीको लागि भरतपुर महानगरपालिकाका प्रमुख श्री रेनु दाहालज्यूको संयोजकत्वमा वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, स्वास्थ्य संस्थाका प्रमुखहरु साथै अन्य सरोकारवालाहरु समेतको महानगरस्तरीय समन्वय समिति गठन भएको साथै उक्त समितिको मातहत रहने गरी वडा स्तरमा तपसिल बमोजिमको समन्वय समिति वनाउनु पर्ने भएकोले आवश्यक कार्यार्थ अनुरोध छ ।

वडास्तरीय समन्वय समितिको संरचना

१. वडाध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि – संयोजक
२. सम्वन्धित वडाका जनप्रतिनिधिहरु – सदस्य
३. सम्वन्धित वडाका रहेको स्वास्थ्य संस्थाका प्रमुख वा प्रतिनिधि – सदस्य
४. सम्वन्धित वडाका रहेका विद्यालयका प्रधानाध्यापक – सदस्य
५. सम्वन्धित समाजसेवी मध्यबाट वडाले मनोनित गरेका पाँच जना – सदस्य
६. सम्वन्धित वडा कार्यालको सचिव – सदस्य सचिव

<u>समितिको कार्यविवरण</u>

१. आफ्नो समुदायभित्र देहायका लक्षणहरु देखिएमा नोभल कोरोना भाइरसको संक्रमण हुन सक्ने भएकोले त्यस्ता व्यक्तिहरुको निगरानी गर्ने

- १००.४ डिग्री फरेन्हाइट भन्दा बढि निरन्तर ज्वरो आएका
- श्वासप्रश्वासमा अत्यधिक समस्या भएका वा सास फेर्न गाहो भएका
- छाती दुखेका
- रुघाखोकी लागेका
- टाउको दुखेका

प्रमुख प्रशासकीय अधिकृत

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

२. बाहिरबाट आफ्नो समुदायमा भित्रने व्यक्तिहरुमा भाइरसको संक्रमण अथवा फ्लु हुन सक्ने भएकोले प्रवेश विन्दुहरुमा निगरानीको व्यवस्था मिलाउने ।

३. भाइरसको संक्रमण अथवा फ्लुको लक्षण देखिएका व्यक्तिहरुबाट अरुलाई संक्रमण फैलिन नदिन संक्रमितलाई घरबाट बाहिर ननिस्की आफ्नै घरमा नै वस्ने व्यवस्था मिलाउने ।

४. संकमण भएका व्यक्तिलाई १००.४ डिग्री फरेन्हाइट भन्दा बढि जवरो नघटी निरन्तर आइरहेका विरामीहरुलाई सिटामोल खान लगाउने र तत्काल उपचारका लागि स्वास्थ्य संस्थामा लैजाने ।

५. संकमण भएका व्यक्तिलाई पर्याप्त मात्रामा झोलिलो खानेकुरा खान र घाँटी सुख्खा हुन नदिन सुझाव दिने ।

६. संकमण वा फ्लुको लक्षण भएका व्यक्तिलाई अन्य व्यक्तिको सम्पर्कबाट टाढा रहने व्यवस्था मिलाउने ।

७. समुदाय स्तरमा संक्रमणबाट बच्न बचाउन देहायवमोजिमका व्यवहारहरु अवलम्वन गर्ने गराउने ।

- नियमित रुपमा साबुन पानीले हात धुने बानी वसाल्ने । मुख, नाक, आँखा छून अगाडी अनिवार्य सावुन पानीले हात धुने ।
- खोक्दा वा हाच्छ्युँ गर्दा कुहिनोले नाक मुख छोप्ने ।
- संक्रमणको शंका भएमा स्वास्थ्य संस्थामा सम्पर्क राख्ने ।

८. कोरोना भाइरस संक्रमण सम्वन्धि थप जानकारीका लागि निशुल्क फोन १११५ मा सम्पर्क गर्न सकिनेछ ।

..................................

(प्रेमराज जोशी)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत